प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

सूचना प्रकाशित मिति २०८२/०२/११

## तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (१) बमोजिम तहवृद्धिको लागि योग्यता पुगेका यस मन्त्रालय र मातहतका कार्यालयहरुमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची २० बमोजिमको ढाँचामा तह वृद्धिका लागि देहाय बमोजिमका कागजात संलग्न राखी यस मन्त्रालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु :

(क) उम्मेदवारको निवेदन (नाम, थर, सेवा, समूह, तह र मोवाइल नं. स्पष्ट खुल्ने गरी),

(ख) कर्मचारीको तह वृद्धि हुने पदभन्दा तल्लो तह वा पदमा नियुक्ति/बढुवा भएको पत्रको प्रतिलिपि,

(ग) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम निवेदनमा स्पष्ट खुलाउनु पर्नेछ,

(घ) समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपि,

(ङ) पदस्थापना गरिएको पत्रको प्रतिलिपी,

(च) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(छ) गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको, विभागीय कारवाहीमा नपरेको तथा अध्ययन, असाधारण र बेतलबी बिदामा नबसेको प्रमाणित हुने कार्यालयको सिफारिस पत्र,

(ज) पेसा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि,

(झ) अन्य आवश्यक कागजातहरु ।

२०८२/२/११

कृष्ण प्रसाद पौडेल
उपसचिव

फोन नं. ०२१-४७४०८३, ईमेलः-mopid.province1@gmail.com,वेवसाइट- https://mopid.koshi.gov.np/